# HISSAN CENTRAL EXAMINATION – 2079(2022)

कक्षा : १२ पूर्णाङ्क : ७५

समय : ३ घण्टा

विषय : अनिवार्य नेपाली (००२१ M)

**विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ।**

**सबै प्रश्न अनिवार्य छन्।**

१. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् :** (३)

हामीकहाँ नयाँ कुराको परिकल्पना गर्ने, जोखिम मोल्ने भन्दा पनि अरूले गरेको हेरेर त्यसैको अनुसरण गर्ने र अस्वस्थ प्रतिस्पर्धा गर्ने चलन छ।

२. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** (३)

चेदी नगरको मुल बाटाको पूर्बतिर आफ्नो दुइ तले काठको घरको माथिल्लो बार्दली मा बसेर रानी सुनन्दा सडकको रमिता हेरिरहेकी थिइन् बौलाही जस्ती दमयन्तीमा ती वृद्धाको दृश्टि पऱ्यो।

३. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (२)

(क) **दिइएका अंशबाट एउटा पारिभाषिक शब्द र एउटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

नासाले अन्तरिक्षमा पठाएको यान केही दिन मङ्गल ग्रहको परिक्रमा गरेर पृथ्वीमा सरक्क अवतरण हुँदा वैज्ञानिकहरू दङ्ग परे।

(ख) **दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा उखान पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

समाजमा कुनै नराम्रो काम गर्दा त्यो एक कान दुई कान मैदान हुँदै सबैका कानमा परिहाल्छ। सबै जना मौका मिल्नासाथ कुरा काट्छन्। अझ त्यो कमजोर छ भने त उसलाई सबैले उडाउँछन्। जो होचो उसैका मुखमा घोचो भने झैँ उसलाई समाजमा सबैले हेप्न थाल्छन्। त्यसपछि उसलाई समाजमा मुख देखाउनै गाह्रो हुन्छ।

४. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गर्नुहोस् :** (३)

लतमायालाई दृढ विश्वास भएर आयो कि जिन्दगी नै दिन्छ भने त्यस पच्चिस रुपियाँलाई अन्त्येष्टि कार्यका निम्ति जगेडा राख्नु बुद्धिमानी होइन, बरु त्यो काम पाप हो। यस्ता कुरामा विचार पुऱ्याउन सक्नुपर्दछ।

५. **तलको अनुच्छेदबाट दुईओटा तत्सम शब्द र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस्:** (२)

गाउँ र सहर सबैतिर निर्वाचनको माहोल छ। जतातितै जुलुस निस्केका देखिन्छन्, चर्काचर्का भाषण सुनिन्छन्। सबै जनता आफ्नो हक एवम् अधिकारको सदुपयोग गर्दै चुनाउमा भोट दिन आतुर छन्।

६. **कुनै एकको उत्तर दिनुहोस् :** (३)

(क) **तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माणप्रक्रिया देखाउनुहोस् :**

प्रजातान्त्रिक व्यवस्थामा सबैलाई आफ्नो अधिकारको सुरक्षा गर्ने अवसर प्राप्त हुन्छ। अधिकारको लडाइँ सानोतिनो सङ्घर्षबाट नभई निकै कठोर प्रक्रियाबाट मात्र सम्भव हुन्छ।

(ख) **तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको निर्माणप्रक्रिया देखाउनुहोस् :**

दोमन भएका र हरबखत यशप्राप्तिका लागि मात्र कामकुरा गर्ने अनि पलपलमा कुरा बदल्ने, कर्मकाण्डी, हाम्रा दुईजिब्रे भान्दाइले अत्तोपत्तो बेगरकै गफसफमा भुलाएर साथीभाइलाई अलमल्याउनु ठिक होइन। उनको यस्तो छलछाम कति दिन चल्छ होला र !

७. **कुनै एकको उत्तर दिनुहोस् :** (४)

(क) **ले, लाई, द्वारा, बाट, देखि, को, नो, मा विभक्ति लागेका भिन्नभिन्न कारकको प्रयोग भएका चार वाक्यमा भाइका बारेमा वर्णन गर्नुहोस्।**

(ख) **तलका वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गर्नुहोस् :**

शरीर मोटो भएकाले उकालो देख्नासाथ मेरो होसहवास उड्छ। तेर्सो र ओरालो बाटामा म सजिलै हिँड्न सक्छु तर उकालो मेरा लागि फलामको चिउरा चपाए झैँ हुन्छ। म जसोतसो हिँड्न सकेकै छु। म अब केही समयपछि थला पर्छु कि भन्ने चिन्तामा डुब्न थालेको छु।

८. **कुनै एकको उत्तर दिनुहोस् :** (४)

(क) **सामान्य भविष्यत् कालका क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो भाइका बारेमा वर्णन गर्नुहोस्।**

(ख) **तल दिइएका वाक्यको वाच्य परिवर्तन गर्नुहोस् :**

साथीले तिमीलाई हप्काएछ। तिमी थाहा पाएर पनि रिसाएनछौ। मैले त तिमीलाई माया गरेको छु। तिमीलाई सधैँ सहयोग गर्ने छु ।

९. **कुनै एकको उत्तर दिनुहोस् :** (४)

(क) **तलका जटिल वाक्यहरूलाई आठओटा सरल वाक्यमा विश्लेषण गर्नुहोस् :**

यसपालि धेरै पानी पऱ्यो भने धानबाली प्रशस्त उब्जन्छ। जब देशमा प्रशस्त धान फल्छ तब विदेशबाट धान आयात गर्नुपर्दैन। सरकारले किसानहरूलाई सहुलियत दरमा मल उपलब्ध गराउनुपर्दछ र उनीहरूलाई कृषिकार्यमा लाग्ने वातावरण तयार गरिदिनुपर्दछ। कृषिमा क्रान्ति ल्याएर देशलाई खाद्यान्नमा आत्मनिर्भर तुल्याउनुपर्दछ अनि विदेशमा खाद्यान्न निर्यात गरेर सबल बन्नुपर्दछ।

(ख) **तलका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

रमा, "विमला ! तिमीलाई सन्चो छैन ?"
विमला, "मलाई कोरोना पोजेटिभ देखियो नि !"
रमा, "तिमी खुरुक्क अस्पताल गइहाल त।"
विमला, "एक दुई दिन घरमै बसेर हेरूँ कि !"

१०. **दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** (५)

जीवनको एउटा तर महत्त्वपूर्ण अंशलाई समेट्ने विशिष्ट घटनाको सिलसिलेवार प्रस्तुति कथा हो। तिनै घटनाको कार्यकारण शृङ्खलालाई कथानक भनिन्छ। कथाको आकार र स्वरूप तयार पार्ने कार्यमा कथानकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले यसलाई कथाको मुख्य तत्त्वका रूपमा लिने गरिन्छ। कथामा घटना अघि बढाउने वा कार्यव्यापार सम्पन्न गर्न पात्रको प्रयोग गरिएको हुन्छ। पात्र मानवीय र मानवेतर गरी दुवै किसिमका हुन्छन्। कथा भन्ने पात्रलाई समाख्याता भनिन्छ। समाख्याता कथाभित्रकै पात्र पनि हुन सक्छ र कथाबाहिरको पनि हुन सक्छ। कथाको पात्र आफैँले कथाको समाख्यान गरेको छ भने त्यसलाई प्रथम पुरुष दृष्टिबिन्दु भएको कथा र अन्य पात्रका माध्यमबाट कथाको समाख्यान गरिएको छ भने त्यसलाई तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको कथा भनिन्छ। प्रथम पुरुष दृष्टिबिन्दु भएका कथामा 'म' र 'हामी' जस्ता प्रथम पुरुषलाई बुझाउने पदको प्रयोग गरिएको हुन्छ भने तृतीय पुरुष दृष्टिबिन्दु भएका कथामा 'त्यो', 'ऊ', 'तिनीहरू' आदि तेस्रो पुरुष बुझाउने पदको प्रयोग गरिएको हुन्छ। घटनाको समय, स्थान र त्यसबाट उत्पन्न हुने वातावरणलाई परिवेश भनिन्छ। कथाले भन्न खोजेको मूल कुरा सारवस्तु हो। यसैलाई सन्देश पनि भनिन्छ। यी सबैलाई प्रस्तुत गर्ने माध्यम चाहिँ भाषा हो। कथामा गद्य भाषाको प्रयोग हुन्छ। कथालाई प्रभावकारी रूपमा अघि बढाउन पात्रका बिचमा संवाद पनि हुन सक्छ। कथाको भाषालाई वर्णनात्मक, पत्रात्मक, संस्मरणात्मक, नाटकीय आदि शैलीमा प्रस्तुत गर्न सकिन्छ। त्यसैले कथानक, पात्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली र सारवस्तु यी सबै कथाका तत्त्व हुन्।

**प्रश्नहरू**

(क) कथा भनेको के हो ?

(ख) कथामा कति किसिमका पात्र हुन्छन् ?

(ग) प्रथम पुरुष दृष्टिबिन्दु भएका कथामा कस्ता पदको प्रयोग गरिएको हुन्छ ?

(घ) कथाको भाषालाई कुन कुन शैलीमा प्रस्तुत गर्न सकिन्छ ?

(ङ) कथाका तत्त्व के के हुन् ?

**११. दिइएको अनुच्छेद पढ्नुहोस् र मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् : (२+३=५)**

कविता विचार र भावनाको लयबद्ध कलात्मक भाषिक अभिव्यक्ति हो । त्यसैले कविताको संरचनामा विचार वा भावना, लय र भाषा संरचकका रूपमा रहेका हुन्छन् । यी तीन संरचकमध्ये विचार वा भावना र भाषा साहित्यका अन्य विधा कथा, उपन्यास, निबन्ध आदिको संरचनामा पनि रहन्छन् । त्यसैले विचार एवम् भाषा कविता र अन्य विधाका साझा संरचक हुन् भने लय चाहिँ कवितामा मात्र रहने भएकाले यो कविताको विधा परिचायक संरचक हो । लयकै कारण कवितामा गेयात्मकता हुन्छ । लयकै आधारमा कविता गद्य कविता, पद्य कविता र लोक कविता गरी तीन प्रकारका छन् । गजल र गीत पनि पद्य कविताकै भेद हुन् । पद्य कविताको लघुरूप मुक्तक हो । पूर्वापर सन्दर्भबाट मुक्त र आफैमा पूर्ण एउटा श्लोक पनि मुक्तक हो । प्रगीतात्मक हुने भएकाले यो पद्य कविताअन्तर्गत पर्छ । गद्य कविता मुक्त लयमा संरचित हुन्छ । यसमा पद्य कविताको जस्तो नियमित नभई स्वतन्त्र लय हुन्छ । पद्य कविता, गीत र गजल बद्धलयमा संरचित हुन्छन् । लोकगीत र लोककविता चाहिँ लोकलयमा संरचित विधा हुन् । पद्य कविता र गजलमा लयको काम छन्दले गरेको हुनाले यिनलाई छन्दोबद्ध कविता पनि भनिन्छ । गजलमा प्रयोग गरिने छन्दलाई बहर भनिन्छ । छन्द र बहरको ढाँचा फरक फरक हुने भएकाले पद्य कविता र गजलको संरचनामा भिन्नता हुन्छ ।

**१२. कुनै एकको उत्तर दिनुहोस् :** (४)

(क) जनमैत्री पुस्तक भण्डार, धरानले विभिन्न पुस्तकहरू पठाइदिन अनुरोध गर्दै साझा प्रकाशन, केन्द्रीय कार्यालय, ललितपुरलाई पठाउने चिठी तयार गर्नुहोस् ।

(ख) जागृति खाद्य स्टोरको सञ्चालनका लागि त्यसका सञ्चालकले सटर भाडामा लिँदा घरधनीसँग गर्ने सम्झौता पत्रको नमुना तयार गर्नुहोस् ।

**१३. कुनै एकको उत्तर दिनुहोस् :** (५)

(क) विद्यालयले आयोजना गरेको विज्ञान प्रदर्शनीको विवरण समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'अत्यासलाग्दो मूल्य वृद्धि' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् :** (४)

(क) बेलायती हिउँभन्दा सतबाँझका लेकको हिउँ बेग्लै थियो । यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो ।

(ख) आजको युग प्रतिस्पर्धाको हो, एकाधिकारको होइन ।

**१५. कुनै एकको उत्तर दिनुहोस् :** (४)

**(क) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

आमा, त्यो आउँछ र ?
"हो, बा, त्यो आउँछ
त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ ।
त्यसको कम्मरमा झुन्डिएको शीत जस्तै टल्कने
तिमी एक हतियार देख्ने छौ
त्यसैले ऊ अधर्मसित लड्ने छ
त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर
छामछुम गर्ने छौ तर त्यो हिउँ र आगोभन्दा पनि
बढ्ता छोइने भएर आउँछ ।"

**प्रश्नहरू**

(अ) आमाले के आउँछ भनेर सङ्केत गरेकी हुन् ?

(आ) "त्यो हिउँ र आगोभन्दा पनि बढ्ता छोइने भएर आउँछ" भन्नाको तात्पर्य के हो ?

**(ख) दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

एन्टिभाइरस गोर्खे जुरुक्क उठ्यो । "ला, चुस अब रगत !" त्यसको मुखमा खुट्टो राखेर थिच्न खोज्दै थियो खुट्टै चपाइदियो भाइरसले । दुखाइले इन्तु न चिन्तु भयो एन्टिभाइरस गोर्खे । दाह्रा किटेर कुहिनाले भाइरसले टाउकै टाउकामा हिर्काएर मार्‍यो । त्यसपछि आफ्नो रक्ताम्मे खुट्टो समाएर आत्था...आत्था गर्न थाल्यो । त्यो देखेर पेशलले "म कुनै सहयोग गर्न सक्छु ?" टाइप हान्यो । "धन्यवाद, तपाईं चिन्ता नगर्नुस् ।" सान्त्वना स्वरूप एन्टिभाइरस गोर्खेले हाँस्ने कोसिस गर्‍यो । ऊ दुखाइले रन्थनिएकै थियो । आफ्नो पीडालाई बिर्सेर उसले तेस्रो भाइरस निकाल्यो । तेस्रो भाइरस डराएको हुनुपर्छ, उसलाई केही सोध्नै परेन । फटाफट भन्न थाल्यो, "मेरो नाम अन्य भाइरस हो । टेम्पोररी फोल्डरमा गएर बस्छु । त्यहाँ भएका फाइलले खुलिरहेको प्रोग्राम चल्नमा मदत पुर्‍याइरहेका हुन्छन् । म पनि त्यही फोल्डरमा बसेर फाइललाई र्‍याम, सी.पी.यु., हार्डडिस्कमा दौडाइरहन्छु । यसले गर्दा चलिरहेको फाइल अचानक बन्द भइदिने, पेज तलमाथि हुने र कम्प्युटर अनावश्यक रूपमा व्यस्त भइरहने हुन्छ ।"

**प्रश्नहरू**

(अ) एन्टिभाइरस गोर्खे र भाइरसले एकअर्कामाथि विजय प्राप्त गर्न के के गरेका छन् ?

(आ) अन्य भाइरस नामको तेस्रो भाइरसले गर्ने गतिविधि र कम्प्युटरलाई पुर्‍याउने असर के के हुन् ?

**१६. कुनै एकको उत्तर दिनुहोस् :** (४)

(क) 'विरहिणी दमयन्ती' कथामा दमयन्तीले दुःख पाउनुमा नल कत्तिको जिम्मेबार छन् भन्ने तपाईंलाई लागेको छ, प्रतिक्रिया लेख्नुहोस् ।

(ख) 'जीवन मार्ग' रिपोर्ताजमा छिरिङको "नेपाल जस्तो प्रकृतिको सुन्दर देशमा हामीले अर्गानिक तथा प्राकृतिक वस्तुको उत्पादन गर्न सक्यौँ भने हाम्रा उत्पादन संसारभर बिक्ने छन्" भन्ने भनाइ कस्तो लाग्यो, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

**१७. कुनै एकको समीक्षात्मक उत्तर दिनुहोस् :** (८)

(क) "सहकारीमा एक एक थोपा जम्मा गरी गाग्रो भर्ने सुविधा छ", समीक्षा गर्नुहोस् ।

(ख) हकिङले मानवीय चेतनालाई नयाँ उचाइमा पुर्‍याउन गरेका योगदानको समीक्षा गर्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** (८)

(क) मेरो भविष्यको योजना

(ख) नेपालमा जलयातायातको सम्भावना

(ग) खेलकुदको महत्त्व

**समाप्त**